# टीकापुर नगरपालिका
# शहरी स्वास्थ्य प्रवर्द्धन तथा सिकलसेल केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८२

**टीकापुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**टीकापुर, कैलाली**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

## शहरी स्वास्थ्य प्रवर्द्धन तथा सिकलसेल केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

**नगर कार्यपालिकाबाट स्वीकृत मिति :- २०८२।०२।२०**

**प्रमाणित मिति :- २०८२।०२।२८**

**प्रस्तावना**: नेपालको संविधानले प्रत्याभुत गरेको आधारभूत स्वास्थ्य सेवा गुणस्तरीय रुपमा टीकापुरवासीलाई उपलब्ध गराउन, शहर केन्द्रित स्वास्थ्य सेवा, समुदायमा आधारित स्वास्थ्य सेवा लगायत जनस्वास्थ्यका कार्यक्रमहरू संचालन गर्न तथा सिकलसेल एनिमिया र थालसेमियाको पहिचान, परामर्श, परीक्षण र उपचारलाई सहज, सुलभ र प्रभावकारी रुपमा व्यबस्थापन गर्न तथा यसको रोकथाम सम्बन्धी कार्यका लागि शहरी स्वास्थ्य प्रवर्द्धन तथा सिकलसेल केन्द्र संचालन तथा व्यवस्थापनका लागि आवश्यक विधि निर्धारण गर्न वाञ्छनीय भएकोले,

टीकापुर नगरपालिका स्वास्थ्य तथा सरसफाई ऐन, २०७६ को दफा ६ बमोजिम दफा ५१ ले दिएको अधिकार प्रयोग गरी टीकापुर नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम टीकापुर नगरपालिका "शहरी स्वास्थ्य प्रवर्द्धन तथा सिकलसेल केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२" रहेकोछ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भै स्थानीय राजपत्रमा सुचना प्रकाशन गरि तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा;-

(क) "अध्यक्ष" भन्नाले शहरी स्वास्थ्य प्रवर्द्धन तथा सिकलसेल केन्द्र संचालन तथा व्यवस्थापन समितिको अध्यक्ष सम्झनुपर्छ।

(ख) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यवाट सुलभ रुपमा निःशुल्क उपलब्ध हुने जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ को उपदफा (४) वमोजिमका प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनु पर्छ। र सो शव्दले टीकापुर नगरपालिका स्वास्थ्य तथा सरसफाई ऐन, २०७६ बमोजिम नगरपालिकाले थप गरेका आधारभुत स्वास्थ्य सेवा समेत जनाउनेछ।

(ग) “आधारभुत स्वास्थ्य सेवा केन्द्र” भन्नाले टीकापुर नगरपालिका अन्तर्गत विभिन्न वडामा संचालित आधारभूत स्वास्थ्य सेवा केन्द्रलाई सम्झनुपर्छ र सो शब्दले हाल संचालित स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रलाई समेत जनाउनेछ।

(घ) “कार्यपालिका” भन्नाले टीकापुर नगरपालिका कार्यपालिकालाई सम्झनु पर्छ।

(ङ) “कार्यविधि” भन्नाले शहरी स्वास्थ्य प्रवर्द्धन तथा सिकलसेल केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि २०८२ लाई सम्झनु पर्छ।

(च) “कार्यक्षेत्र” भन्नाले यस केन्द्रले सेवा प्रदान गर्ने टीकापुर नगरपालिकाभरीको कार्यक्षेत्र सम्झनु पर्छ।

(छ) “केन्द्र प्रमुख” भन्नाले स्वास्थ्य प्रवर्द्धन तथा सिकलसेल केन्द्रमा प्रमुखको रुपमा जिम्मेवारी दिएको चिकित्सक वा स्वास्थ्य प्राविधिक कर्मचारीहरुलाई सम्झनु पर्नेछ।

(ज) “कोष” भन्नाले दफा ९ बमोजिमको सिकलसेल तथा थालसेमिया उपचार कोषलाई सम्झनु पर्छ।

(झ) “चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानून बमोजिम सम्बन्धित परिषदबाट अनुमतिप्राप्त व्यक्ति सम्झनु पर्छ।

(ञ) "पदाधिकारी" भन्नाले व्यवस्थापन समिति अध्यक्ष, उपाध्यक्ष र सदस्य लगायतका पदाधिकारीलाई सम्झनु पर्छ।

(ट) “केन्द्र” भन्नाले टीकापुर नगरपालिकाको नेतृत्वमा संचालित शहरी स्वास्थ्य प्रवर्द्धन तथा सिकलसेल केन्द्र सम्झनु पर्छ ।

(ठ) “व्यवस्थापक” भन्नाले शहरी स्वास्थ्य प्रवर्द्धन तथा सिकलसेल केन्द्रको व्यवस्थापनका लागि नगरपालिकाबाट तोकिएको स्वास्थ्य सेवाको स्थायी कर्मचारी सम्झनु पर्छ।

(ड) “नगरपालिका” भन्नाले टीकापुर नगरपालिकालाई सम्झनु पर्छ।

(ढ) “शाखा” भन्नाले टीकापुर नगरपालिका जनस्वास्थ्य शाखा सम्झनु पर्छ।

(ण) “समिति” भन्नाले टीकापुर नगरपालिका स्वास्थ्य तथा सरसफाई ऐन, २०७६ को दफा ६ बमोजिम स्थापना भएको शहरी स्वास्थ्य प्रवर्द्धन तथा सिकलसेल केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि यस कार्यविधि बमोजिम गठित दफा ३ को व्यवस्थापन समिति सम्झनु पर्छ।

(त) “स्वास्थ्य स्वयंसेविका” भन्नाले टीकापुर नगरपालिका अन्तर्गत क्रियाशील महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई सम्झनु पर्छ।

## परिच्छेद -२

## केन्द्र संचालन तथा व्यवस्थापन समिति

३. **समितिको गठन**: (१) स्वास्थ्य केन्द्र संचालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको एक समितिको हुनेछ :-

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर उपप्रमुख - उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) केन्द्र रहेको वडाको अध्यक्ष - सदस्य

(ङ) सामाजिक विकास समितिको संयोजक - सदस्य

(च) नगर प्रमुखले तोकेको एक जना महिला कार्यपालिका सदस्य - सदस्य

(छ) जनस्वास्थ्य शाखा प्रमुख - सदस्य

(ज) सामाजिक,स्वास्थ्य क्षेत्रमा क्रियाशील स्थानीय वासिन्दा, अपाङ्गता भएका व्यक्ति मध्येबाट समितिले मनोनित गरेको एक महिला सहित दुइ जना - सदस्य

(झ) सिकलसेल, थालसेमिया प्रभावित व्यक्तिहरूको समिति वा सञ्जालका प्रमुख वा प्रतिनिधि -सदस्य

(ञ) केन्द्रको प्रमुख - सदस्य सचिव

(२) समितिले महिला स्वास्थ्य स्वयंसेविका, वडघर, किशोर किशोरी र आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रका विज्ञ र सामाजिक संस्थाका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिले दैनिक सेवा व्यवस्थापनलाई सहज बनाउन चिकित्सकको संयोजकत्वमा सेवा व्यवस्थापन उपसमिति गठन गर्न सक्नेछ ।

(४) समितिले पहिलो बैठकबाट अन्य सदस्यहरुको मनोनयन गर्नेछ ।

४. **पदावधि:** समितिका मनोनित पदाधिकारी तथा सदस्यहरुको पदावधि नियुक्ति भएको मितिले दुई वर्ष र निर्वाचित जनप्रतिनिधिको पाँच वर्षको हुनेछ ।

तर, निर्वाचित पदाधिकारी तथा सदस्यको पदावधि स्थानीय तहको निर्वाचन सम्पन्न भएपश्चात स्वत: समाप्त हुनेछ ।

५. **पदावधि रिक्त हुने** : निम्न अवस्थामा मनोनित पदाधिकारी तथा सदस्यको पद रिक्त हुनेछ ।

(क) मृत्यु भएमा,

(ख) राजीनामा दिएमा,

(ग) बिना सूचना लगातार तीनपटक समितिको वैठकमा अनुपस्थित भएमा,

(घ) प्रचलित कानून बमोजिम अयोग्य ठहरिएमा,

(च) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको ठहर भएमा ।

६. **समितिको वैठक:** (१) समितिको बैठक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । अध्यक्षसंगको परामर्शमा सदस्य सचिवले वैठक बोलाउनुपर्नेछ ।

(२) समितिका अध्यक्षले बैठकको अध्यक्षता गर्नेछन् र निजको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षता गर्नेछ । दुबैको अनुपस्थितिमा उमेरमा सबैभन्दा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

(३) समितिको बैठक तीन महिनामा कम्तिमा एक पटक बस्नेछ । आवश्यक परेको अवस्थामा कुनै पनि समय बैठक बोलाउन सकिनेछ ।

(४) समितिको बैठकमा जम्मा सदस्य संख्याको कम्तिमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) बैठकको निर्णय उपस्थित संख्याको बहुमतबाट हुनेछ । तर, आमन्त्रित सदस्यको मताधिकार रहनेछैन।

(६) वैठकको निर्णयमा अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नुपर्नेछ । बैठक र निर्णयको ढाँचा अनुसूची-१ मा उल्लेख भएबमोजिम हुनेछ ।

(७) समितिको वैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

७. **समितिको काम कर्तव्य र अधिकार:** व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) केन्द्रबाट गुणस्तरीय, प्रभावकारी एवं दीगो सेवा प्रवाहको लागि नगरपालिकाले तर्जुमा गरेको नीति, योजना, कार्यक्रमको परिधिभित्र रही सेवा व्यवस्थापन र कार्यान्वयन गर्ने, गराउने,

(ख) सेवा क्षेत्रका जनताको स्वास्थ्य आवश्यकतालाई संवोधन गर्ने गरी केन्द्रबाट प्रदान गरिने सेवाको कार्यान्वयन गर्ने, गराउने,

(ग) केन्द्रबाट सञ्चालन हुने सिकलसेल तथा थालसेमिया र स्वास्थ्य प्रवर्द्धन लगायतका बार्षिक कार्यक्रमहरुको लक्ष्य अनुरुप कार्यान्वयन तथा उपलब्धिको समीक्षा गर्ने,

(घ) सेवा क्षेत्रभित्रका जनसांख्यिक अवस्थाको लेखाजोखा, स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण, जनस्वास्थ्यको समस्याको नक्साङकन, घरधुरी स्वास्थ्य विवरण,प्रत्येक नागरिकको स्वास्थ्य प्रोफाइल तयार गरी अद्यावधिक गर्ने, गराउने र सो अनुरुप योजना तर्जुमाका लागि नगरपालिकासंग समन्वय गर्ने,

(ङ) केन्द्रको सवलीकरण, स्वास्थ्य सेवा प्रवाह र जनस्वास्थ्य प्रवर्द्धनका कार्यक्रम संचालनका लागि समुदाय, अन्य आधारभुत स्वास्थ्य सेवा केन्द्र, समुदायमा आधारित संस्था र अन्य संघ-संस्थासंग साझेदारी र सहकार्य गर्ने,

(च) समुदाय र विद्यालयमा केन्द्र बाट प्रदान गरिने सेवा र कार्यक्रमबारे सु-सूचित गर्ने, समुदाय र घरदैलो कार्यक्रममा सहजीकरण गर्ने,

(छ) घरदैलो सेवा, सामुदायिक स्वास्थ्य, विद्यालय स्वास्थ्य वातावरणीय स्वास्थ्य, सरसफाई लगायतका जनस्वास्थ्यका क्रियाकलापको प्रभावकारी व्यवस्थापन र सहजीकरण गर्ने,

(ज) नेपाल सरकारबाट निर्धारण गरेको आधारभूत स्वास्थ्य सेवा प्रबाह र सेवाको न्यूनतम मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने,

(झ) सिकल सेल र Thalassemia का विरामीहरूलाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्द गर्न र केन्द्रमा बीमा कार्यक्रम संचालन तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने, गराउने

(ञ) ज्येष्ठ नागरिक, विपन्न वर्ग, अपांगता, बालबालिका, किशोर किशोरी, महिला समूह समेतलाई मध्येनजर राखी सेवाको व्यवस्थापन र कार्यान्वयन गर्ने,

(ट) केन्द्रमा कार्यरत कर्मचारीहरुको कामको नियमित मूल्यांकन गर्ने र कार्य सन्तोषजनक नभएमा सचेत गराउने,

(ठ) अघिल्लो वैठकले गरेका निर्णयहरूको कार्यन्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्य सेवा संचालन आदिमा आएका समस्या समाधान गर्न पहल गर्ने र समाधान हुन नसकेका समस्याहरू समाधानका लागि नगरपालिका तथा सम्बन्धित निकायलाई पठाउने,

(ड) नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरू कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने,

(ढ) केन्द्रमा भौतिक पूर्वाधार, जनशक्ति, औषधि, स्वास्थ्यकर्मी र स्वास्थ्य उपकरणहरुको नियमित उपलब्धता सुनिश्चित गर्न आवश्यक समन्वयात्मक कार्यहरु गर्ने,

(ण) स्वास्थ्य सेवा प्रवाह गर्दा कुनै शुल्क लिनु पर्ने देखिएमा नगरपालिकासंग समन्वय गरी सो को निर्धारण गर्ने,

(त) महामारी तथा प्राकृतिक प्रकोप जस्ता आकस्मिक स्वास्थ्य सेवाको लागि पूर्व तयारी तथा आबश्यक व्यवस्थापन गर्ने,

(थ) नगरपालिका स्वास्थ्य शाखासँग समन्वय गरी स्वास्थ्य सेवा र अन्य कार्यक्रम कार्यान्वयन र व्यवस्थापन गर्ने,

(द) सिकल सेल रोगको दिवा सेवा प्रदान गर्ने गरी आवश्यक व्यवस्थापन गर्ने,

(ध) सिकलसेल तथा थालसेमिया रोगको पहिचान, परीक्षण, सचेतना अभियान, व्यवस्थापन र उपचारका लागि केन्द्रको कार्य योजना बनाउने,

(न) केन्द्रको प्रभावकारी व्यवस्थापनका लागि नगरपालिका, प्रदेश सरकार, प्रादेशिक अस्पताल र संघीय सरकार तथा संघीय अस्पतालसंग समन्वय गर्ने ।

८. **समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारः (१)** व्यवस्थापन समितिका अध्यक्ष, उपाध्यक्ष, सदस्य र सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार**

(१) नगरपालिकासँग समन्वय गरी केन्द्रको नियमित कार्य संचालन र व्यवस्थापन गर्न र सेवाको गुणस्तर कायम गर्न नेतृत्वदायी भुमिका निर्वाह गर्ने,

(२) केन्द्रको सेवा प्रवाह र विस्तारका लागि प्राथमिकता क्षेत्र तोकी योजना तर्जुमा र कार्यान्वयन गर्न नगरपालिका र अन्य निकायसंग आवश्यक समन्वय गर्ने,गराउने,

(३) योजना कार्यान्वयनमा प्रभावकारिता ल्याउन कार्यक्रमको कार्य योजना र कार्यतालिका बनाई जिम्मेवार व्यक्ति तोक्ने र समय सीमा निर्धारण गर्ने। कार्य योजना बमोजिम कार्य सम्पादन भए नभएको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(४) समितिको बैठक वोलाउन सदस्य सचिवलाई निर्देशन गर्ने, बैठकको अध्यक्षता गर्ने, बैठकमा मत बराबर भएमा निर्णायक भूमिका खेल्ने, समितिको निर्णय कार्यान्वयन गर्ने गराउने,

(५) सेवा प्रवाह तथा कार्यको रेखदेख गरी निर्देशन गर्ने,

(६) गुणस्तरीय सेवा प्रवाहको लागि नगरपालिका, नेपाल सरकार र प्रदेश सरकारसंग समन्वय गर्ने ।

**(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

(१) अध्यक्ष नभएको समयमा बैठकको अध्यक्षता गर्ने,

(२) अध्यक्षलाई सहयोग गर्ने,

(३) अध्यक्ष तथा अन्य सदस्यहरु विच समन्वयात्मक भूमिका खेल्ने,

(४) समितिले अधिकार प्रत्यायोजन गरेको काम कार्यान्वयन गर्ने,

(५) समितिको निर्णय कार्यन्व्यन गर्ने गराउने,

(६) नियमित रुपमा केन्द्रको रेखदेख र सुपरिवेक्षण गर्ने ।

**(ग) सदस्य-सचिवको काम, कर्तव्य र अघिकार**

(१) अध्यक्षको निर्देशनमा समितिको सदस्य सचिवको हैसियतले बैठक आव्हान गर्ने, बैठकमा प्रतिवेदन पेश गर्ने, निर्णयहरु कार्यान्वयन गराउने,

(२) यो कार्यविधि अनुसार सेवा संचालनको सुनिश्चित गर्ने,

(३) केन्द्रको सम्पत्तिको रेखदेख गर्ने गराउने,

(४) केन्द्रको सेवा प्रभावकारी ढंगवाट सञ्चालन गर्ने गराउने,

(५) वार्षिक, मासिक, दैनिक योजना कार्यान्वयन गर्ने र सो को प्रतिवेदन समिति र शाखालाई पठाउने,

(६) स्वास्थ्य शाखा सँगको समन्वयमा कर्मचारीहरूलाई आवश्यकता अनुसार तालिम वा गोष्ठीमा पठाउन सहमति दिने,

(७) नगरपालिका, शाखा तथा समितिले तोकेको अन्य काम गर्ने गराउने,

(८) आवश्यक परेको समयमा अन्य निकायहरुसंग समन्यय गर्ने ।

**(घ) सदस्यको काम, कर्तव्य र अधिकार**

(१) समितिले कुनै उपसमितिको संयोजक वा सदस्य तोकेमा सोही अनुसारको जिम्मेवारी वहन गर्ने,

(२) समितिले निणर्य गरे अनुसार स्वास्थ्य संस्था, कर्मचारी र स्वास्थ्य कार्यक्रमहरुको सुपरीवेक्षण, अनुगमन र रेखदेख गर्ने,

(३) समुदायका स्वास्थ्य कार्यक्रम संचालनमा समन्वय गर्ने,

(४) स्वास्थ्य सचेतनाका कार्यक्रमहरु सवै टोलमा नियमित सञ्चालन हुने व्यवस्था गर्ने,

(५) टोल स्वास्थ्य समिति गठन र परिचालनमा समन्वय गर्ने ।

९. **व्यवस्थापन समितिको कोष:** (१) व्यवस्थापन समितिको नाममा एउटा छुट्टै कोष रहनेछ ।

(२) उपादफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् र केन्द्रको खर्च सो कोषबाट व्यहोरिनेछ ।

(क) नगरपालिकाबाट प्राप्त रकम ।

(ख) सम्बन्धित स्वास्थ्य संस्थाको आम्दानी रकम ।

(ग) स्वदेशी व्यक्ति, दाता, गुठी वा संस्थाबाट प्राप्त रकम ।

(घ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

(ङ) व्यवस्थापन समितिको पहलबाट प्राप्त रकम ।

(च) वैदेशिक संघ,संस्था वा व्यक्तिबाट प्राप्त अनुदान सहयोग रकम ।

(३) उपदफा (२) को खण्ड (च) बमोजिमको रकम प्राप्त गर्नु अगाडि प्रचलित कानून बमोजिम स्वीकृति लिनुपर्नेछ ।

(४) स्वास्थ्य संस्थालाई प्राप्त हुने सवै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा आम्दानी बाध्नुपर्नेछ।

(५) व्यवस्थापन समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

१०. **कोष तथा लेखा संचालन:** (१) स्वास्थ्य संस्थाको व्यवस्थापन समितिको आयव्यय दुरुस्त राख्ने जिम्मा केन्द्र प्रमुखको निगरानी एवं सुपरिवेक्षणमा व्यवस्थापकको हुनेछ।

(२) कोषको खाता संचालन व्यवस्थापन समितिले निर्णय गरे बमोजिम सरकारी कारोवार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तीय संस्थामा हुनेछ।

(३) खाता संचालन नगरपालिकाको लेखा प्रमुख वा निजले तोकेको लेखा अधिकृत र केन्द्रको व्यवस्थापकको संयुक्त दस्तखतमा हुनेछ।

(४) कोष खाता र खर्च खाताबाट भएको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता व्यवस्थापकको हुनेछ।

११. **लेखा परीक्षण:** (१) व्यवस्थापन समितिले तोकिए वमोजिम आय व्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नेछ।

(२) आन्तरिक लेखा परीक्षण नगरपालिकाले तोकेको लेखा परिक्षकले गर्नेछ। अन्तिम लेखा परिक्षण महालेखा परिक्षकको कार्यालयले गर्नेछ।

१२. **समितिको स्व:मूल्याङ्कन प्रतिवेदन:** व्यवस्थापन समितिले हरेक वर्ष स्व:मूल्याङ्कन गर्नुपर्नेछ।

## परिच्छेद -३

## केन्द्रले प्रदान गर्ने सेवा र जनशक्ति व्यवस्थापन

१३. **केन्द्रले प्रदान सेवाहरू:** (१) केन्द्रले शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको रुपमा नेपाल सरकारले निर्धारण गरेको आधारभूत स्वास्थ्य सेवाको प्याकेजलाई आधार मानि देहाय बमोजिमका सेवाहरु प्रदान गर्नेछ।

**(क) उपचारात्मक सेवा**

- सामान्य आकस्मिक सेवा,
- नियमित वहिरङ र परामर्श सेवा,
- सामान्य आकस्मिक उपचार सेवा,
- फार्मेसी सेवा, नि:शुल्क औषधी उपलब्धता,
- नसर्ने रोग, सरुवा रोग, मातृ तथा शिशु स्वास्थ्य, खोप सेवा, पोषण सेवा,

- जनस्वास्थ्यका कार्यक्रम र परामर्श।

**(ख) निदानात्मक सेवा**

- न्युनतम "इ" वर्गको प्रयोगशाला सेवा
  - TC, DC, Hemoglobin, ESR, Blood grouping for non-transfusion purpose, BT, CT
  - Sugar, Urea, Bilirubin T&D, S. Uric Acid, Total Protein, Serum albumin
  - Sputum AFB Stain (Z-N Stain)
  - Tests by RDTs, With Simple interpretation
  - Routine urine analysis, routine stool analysis, urine pregnancy test, Stool for reducing substances
- एक्सरे सेवा
- ईसिजी (ECG) सेवा
- USG, Ultrasound सेवा

**(ग) घर घरमै स्वास्थ्य सेवा**

- आधारभूत सर्भेक्षण: नागरिकको डिजिटल स्वास्थ्य प्रोफाइल निर्माण,
- घरमै सेवा: मधुमेह, उच्च रक्तचाप आदि समस्या भएका, जेष्ठ नागरिक, अपाङ्गता भएका र स्वास्थ्य संस्थामा आउन नसक्नेहरूलाई घरमै ड्रेसिङ, नमूना संकलन, औषधी उपलब्धता,
- उच्च रक्तचाप, मधुमेह भएका व्यक्त लगायतलाई नियमित स्वास्थ्य जाँच, परामर्श र निगरानी,
- नसर्ने रोग, सरुवा रोग, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य लगायतको परामर्श र उपचार
- पोषण सेवा

**(घ) सामुदायिक स्वास्थ्य र जनस्वास्थ्य प्रवर्द्धन**

- स्वस्थ जीवनशैली सम्बन्धी शिक्षा र परामर्श, स्क्रिनिङ र पोष्ट काउन्सिलिङ,
- सेवा क्षेत्रभित्र खाद्य, पानी, फलफूल पसल, तरकारी पसल, भोजनालय, क्यान्टिन, रेष्टुरेन्ट आदिको गुणस्तरका लागि निगरानी, समन्वय, चेतना कक्षा,
- स्थानीय समुदाय, टोल संस्था, वडघर, समूह, स्वास्थ्य समिति आदिसंगको समन्वयमा स्वास्थ्य तथा सरसफाई प्रवर्द्धन,
- शारीरिक सक्रियता प्रवर्द्धन,
- मानसिक स्वास्थ्य परामर्श,
- पेशागत सुरक्षा,जोखिम र सुरक्षाका वारेमा अभिमुखीकरण,
- स्वास्थ्य प्रवर्द्धन सूचना र संचार,
- महामारी, संक्रामक रोग नियन्त्रण र पूर्व तयारी।

**(ङ) विद्यालय स्वास्थ्य**

- विद्यालयमा स्वास्थ जीवनशैली सम्बन्धी शिक्षा र परामर्श,
- सरसफाई प्रवर्द्धन,
- आँखा,कान लगायत नियमित स्वास्थ्य परीक्षण,
- जनस्वास्थ्य परामर्श।

**(च) फिजियोथेरापी सेवा**

- परामर्श र उपचार

**(छ) योग, ध्यान तथा आरोग्य कार्यक्रम**

**(ज) एकीकृत जनस्वास्थ्य मेला**

**(झ) प्रेषण सेवा**

- थप उपचारका लागि टीकापुर अस्पताल वा अन्य तहमा उपचारका लागि प्रेषण गर्ने ।

(२) केन्द्रले सिकलसेल उपचार केन्द्रको रूपमा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, स्वास्थ्य सेवा विभागको PEN Plus Clinical Protocol तथा National Guideline for Sickle Cell Disease and Thalassemia Management लाई आधार मानि देहायका सेवाहरू प्रदान गर्नेछ।

**(क) समुदाय तथा घरमा प्रदान गरिने सेवाहरू**

- सिकलसेल एनिमिया र थालसेमिया सम्बन्धि परामर्श र स्वास्थ्य शिक्षा,
- स्थानीय समुदाय, टोल संस्था, वडघर, समूह, स्वास्थ्य समिति, विद्यालय आदिसंगको समन्वयमा स्वास्थ्य सचेतना, स्वच्छता र स्वयं स्याहार प्रवर्द्धन र परामर्श,
- पोषण प्रवर्द्धन,
- स्वास्थ्य अवस्थाको लेखाजोखा तथा नियमित निगरानी र अशक्त, अपाङ्गता भएकाहरूलाई घरमै सेवा र स्वास्थ्य परामर्श।

**(ख) स्वास्थ्य संस्था स्तरमा प्रदान गरिने आधारभुत सेवाहरू**

- दुखाइ तथा संक्रमण को प्रारम्भिक व्यवस्थापन सेवा,
- Folic Acid वितरण,
- पोषण परामर्श तथा स्तनपान प्रवर्धन
- केन्द्रको सुपरिवेक्षणमा Hydroxyurea को पुर्न वितरण (redistribution) तथा सम्भावित प्रति असरहरूको प्रयोगशाला अनुगमन,
- IV Infusion द्वारा जलवियोजनको उपचार,
- नियमित खोप तालिका अनुसार दादुरा रूवेलाको पहिलो मात्रा खोप लिन आएका वालवालिकाको रक्त नमुना संकलन गरी सिकलसेल र थालसेमिया(Hemoglobinopathy) को परीक्षणका लागि केन्द्रमा पठाउने वा स्कृनिङ गर्नको लागि केन्द्रमा लैजान विशेष परामर्श प्रदान गर्ने,
- प्रभावित बालबालिकाहरूका लागि Oral पेनिसिलिन (Penicillin) prophylaxis, न्युमोकोकल (Pneumococcal) र मेनिन्डोकोकल (meningococcal) खोप सेवा प्रदान गर्ने,
- Hb HPLC (High Performance Liquid Chromatography) परिक्षणका लागि रक्त नमूना संकलन, hematocrits, malaria smear/malaria RDTs, Urinalysis/urine dipstick, Pregnancy test लगायतका निदानात्मक प्रयोगशाला सेवा उपलब्ध गराउने,

- परिवार तथा सेवा ग्राहीहरूका लागि आनुवंशिक परामर्श एवं मानसिक स्वास्थ्य परामर्श,
- स्वयं स्याहार प्रवर्धन विशेष परामर्श सेवा प्रदान गर्ने,
- बिरामीहरूको स्वास्थ्य अवस्थाको लेखाजोखा तथा निगरानी,
- थप उपचारका लागि केन्द्र वा टिकापुर अस्पतालमा प्रेषण गर्ने ।

**(ग) केन्द्रबाट प्रदान गरिने थप उपचारात्मक सेवा**

- Vaso-occlusive events र acute chest syndrome को जोखिम न्युनीकरणका लागि Hydroxyurea द्वारा सिकल सेलका विरामीहरूको उपचार गर्ने,
- स्वास्थ्य संस्थाहरू मार्फत Hydroxyurea पुनः वितरणको प्रबन्ध मिलाउने Thalassemia का बिरामीहरूका लागि अत्यावश्यक Deferoxamine लगायतका औषधी उपलब्ध गराउने,
- विश्व स्वास्थ्य संगठनले सिफारिस गरे अनुरूप को प्रोटोकल अनुसरण गरि दुखाइ व्यवस्थापन गर्ने,
- Blood transfusion सहितको दिवा कालीन उपचार सेवा प्रदान गर्ने,
- रक्त संकलन शिविर सञ्चालन गर्ने,
- सिकल सेल रोग का बिरामीहरूका लागि पेनिसिलिन (Penicillin) prophylaxis सेवा प्रदान गर्ने,
- न्युमोकोकल (Pneumococcal) र मेनिन्डोकोकल (meningococcal) खोप सेवा प्रदान गर्ने,
- आधारभुत स्वास्थ्य सेवा केन्द्रबाट प्रेषण भइ आएका बिरामीहरूलाई प्रथम प्रेषण केन्द्रका रूपमा आकस्मिक लगायत अन्य उपचार प्रदान गर्ने,
- Iron Chelation सेवा प्रदान गर्ने,
- Acute Vaso-occlusive crisis, Acute Chest Syndrome (ACS), Sepsis, Aplastic crisis, Hyper hemolytic crisis, Acute hepatic crisis, Acute abdomen, Numb-Chin syndrome, Severe Anemia with anemic symptoms, Splenic Sequestration, Acute Stroke,

Priapism लगायतका जटिलताहरूको प्रारम्भिक व्यवस्थापन गरि आवश्यकता अनुसार टिकापुर अस्पताल वा अन्य उपयुक्त स्थानमा प्रेषण गर्ने,

- केन्द्रमा आउने सबै गर्भवती महिलाहरूमा Hb HPLC पहिचानका लागि Screening गर्ने,
- सिकल सेल /Thalassemia पोजिटिभ गर्भवती महिलाहरूलाई परामर्श/ उपचार सेवामा समावेश गरि निजका श्रीमानको Hb HPLC पहिचानका लागि रक्त नमुना परिक्षण गर्ने।

**(घ) Sickle Cell Disease/Thalassemia को शीघ्र पहिचान (Universal Infantile Screening and genetic counseling of Hemoglobinopathy):**

- दादुरा तथा रूवेला रोग विरुद्धको पहिलो मात्रा खोप दिने समयमा आउने सबै बालबालिकाहरूमा Hemoglobinopathy को अवस्थाको पहिचानका लागि Hb HPLC मार्फत नि:शुल्क परीक्षण (Universal Infantile Screening) गराउन आवश्यक व्यवस्था र समन्वय गरी सिघ्र पहिचान गर्ने र उपचार प्रणालीमा ल्याउने तथा अभिभावक लाई आनुवंशिक परामर्श सेवा दिने,
- Hemoglobinopathy प्रभावितहरूको विस्तृत प्रोफाइल तयार गर्ने।

(ङ) **निदानात्मक सेवा**:

- Hb HPLC मार्फत सिकल सेल तथा Thalassemia को निदान का साथै ECG, USG, Culture and Sensitivity and दिशामा परजीवीको परीक्षण सेवा प्रदान गर्ने।

**(च) बार्षिक जोखिम स्क्रिनिङ (Screening):**

- मृगौला रोग (Renal disease), ह्रदय रोग, retinopathy, फोक्सोको रोग लगायतका जोखिमहरूको वार्षिक Screening गर्ने वा सोको लागि प्रेषण गर्ने

(छ) **जोखिम स्क्रिनिङ (screening) तथा रोकथाम**:

- बिरामीका परिवारका सदस्यहरूको जोखिम पहिचान गर्ने तथा रोगको रोकथामका लागि तथा विवाह पुर्व कुण्डली मिलानका लागि स्वैच्छिक आनुवंशिक परामर्श सेवा प्रदान गर्ने।

**(ज) प्रेषण:**

- थप निदान उपचारका लागि टीकापुर अस्पताल वा अन्यत्र प्रेषण गर्ने । यसरी प्रेषण गर्दा लाग्ने न्यूनतम यातायात खर्च वा एम्बुलेन्स सुविधा उपलब्ध गराउने ।

(४) टीकापुर नगरपालिका अन्तर्गतका आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरूले प्रथम सेवा विन्दुका रूपमा उपदफा (२) खण्ड (क) र (ख) बमोजिका सेवाहरू प्रदान गर्न केन्द्रले आवश्यक समन्वय र सहकार्य गर्नेछ ।

(५) उपदफा (२) बमोजिमका सेवाहरू प्रदान गर्नका लागि केन्द्रमा रहेका स्वास्थ्यकर्मीहरूलाई नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र प्रदेश सरकार सँगको समन्वय तथा सहकार्यमा सिकल सेल/Thalassemia को Infantile Screening, निदान, उपचार र पद्दतीको बारेमा आधारभूत तथा समयानुकूल पुर्नताजगी तालिम प्रदान गर्नेछ ।

(६) नगरपालिकाले सिकलसेल/Thalassemia रोग सम्बन्धी स्थानीय पाठ्यक्रम तयार गरि विद्यालयमा अध्यापन गर्ने गराउने व्यवस्था गर्नेछ ।

(७) समुदाय स्तरबाट तथा स्वास्थ्य संस्था स्तरबाट सिकलसेल/Thalassemia का बिरामी हरूको पहिचान तथा नियमित उपचार व्यवस्थापनका लागि स्वास्थ्यकर्मीहरूलाई शाखा तथा प्रदेश सरकारको समन्वयमा आधारभूत तथा समयानुकूल पुर्नताजगी तालिम प्रदान गर्ने ।

(८) उपदफा (१) र (२) मा उल्लेखित सेवाका अतिरिक्त व्यवस्थापन समितिले केन्द्रमा उपलब्ध हुने सेवाको सूची थप गर्न सक्नेछ ।

(९) यस दफामा उल्लेख गरिएका घरमै स्वास्थ्य सेवा, समुदायमा स्वास्थ्य, स्वास्थ्य प्रोफाइल, विद्यालय स्वास्थ्य, टोल स्वास्थ्य मेला, खाद्य, पानीको गुणस्तर लगायतका जनस्वास्थ्यका कार्यक्रमहरूको विस्तृत विवरण तयार गरी केन्द्र ले कार्यक्रम संचालन गर्नेछ ।

(१०) Universal Infantile Screening बाट पहिचान भएका सिकल सेल /Thalassemia प्रभावित व्यक्तिहरूको विस्तृत प्रोफाइल तयार गरी सो अनुसार केन्द्रले लक्षित समूह केन्द्रित सेवा प्रदान गर्नेछ ।

(११) उपचारात्मक सेवा, प्रयोगशाला सेवा, फार्मेसी सेवा लगायत केन्द्र बाट उपलब्ध हुने सेवाको उपचार प्रोटोकल र मापदण्ड प्रचलित कानून बमोजिम हुनेछ।

**१४. प्रेषण सेवाः (१)** केन्द्रमा आएका सेवाग्राहीलाई उपयुक्त कारणले सेवा प्रदान गर्न नसकिने अवस्था भएमा आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध भएको सेवा प्रदान गरी थप सेवाको लागि त्यस्ता सेवाग्राहीलाई सो सेवा प्राप्त हुन सक्ने सबै भन्दा नजिक र पायक पर्ने स्वास्थ्य संस्थासंग समन्वय गरी प्रेषण गर्नु पर्नेछ ।

(२) स्वास्थ्य संस्थाले प्रेषण गरिने संस्थाको पूर्व पहिचान गरि सो को अध्यावधिक सूची राख्नुपर्नेछ र प्रेषण गर्दा तत्काल सेवाको सुनिश्चिता गरी मात्र पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम विरामीलाई अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्दा पृष्ठपोषण उल्लेख गरी निर्दिष्ट प्रेषण पूर्जा सहित प्रेषण गरी विवरण अध्यावधिक गरी राख्नु पर्नेछ ।

(४) यस दफा बमोजिम प्रेषण गर्दा केन्द्र ले आफुले उपलव्ध गराएको उपचार पद्दति समेत प्रेषण पुर्जामा उल्लेख गर्नुपर्नेछ ।

**१५. फार्मेसी संचालन गर्ने:** (१) नि:शुल्क औषधि वितरण तथा केन्द्रमा आवश्यक औषधि सुपथ मूल्यमा विक्री वितरण गर्न केन्द्रले आफ्नै फार्मेसी संचालन गर्न सक्नेछ ।

(२) फार्मेसीमा नि:शुल्क वितरण गर्ने औषधिको व्यवस्थापन नगरपालिकाले गर्नेछ ।

(३) फार्मेसी संचालन सम्बन्धी अन्य ब्यबस्था प्रचलित कानून र नगर फार्मेसी संचालन निर्देशिका बमोजिम हुनेछ ।

**१६. जनशक्ति व्यवस्थापन**: (१) केन्द्रमा नगरपालिकाले दरवन्दी निर्धारण गरे अनुसारको कर्मचारीको व्यवस्था हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि केन्द्रमा तत्काल सेवा संचालन गर्नको लागि नगरपालिकाले अनुसूची -२ बमोजिमको जनशक्तिको व्यवस्था गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको जनशक्तिमा केन्द्रको सेवाको अबस्था र आबश्यकता अनुसार नगरपालिकाले थप घट गर्न सक्नेछ।

(४) उपदफा (१) र (२) बमोजिमको कर्मचारीवाट सेवा प्रवाह गराउन अपुग भएमा समितिले नगरपालिकाको स्वीकृति लिई करारमा कर्मचारी नियुक्ति गर्न सक्नेछ वा सेवा करार गर्न सक्नेछ ।

(५) केन्द्रमा कार्यरत रहेका उपदफा (३) बमोजिमका कर्मचारीहरुको सेवा शर्त र सुविधा टीकापुर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यबस्थापन कार्यविधि २०७५ र प्रचलित कानून बमोजिम समितिले निर्धारण गर्नेछ ।

(६) समितिले नगरपालिकासंग समन्वय गरी उपदफा (२) र (३) का अतिरिक्त सरकारी, निजी तथा गैरसरकारी स्वास्थ्य संस्थासंगको साझेदारीमा जनशक्ति व्यवस्थापन गर्न सक्नेछ ।

**१७. कर्मचारीको कार्य विवरण**: (१) केन्द्रमा कार्यरत कर्मचारीलाई केन्द्र प्रमुखले कार्यविवरण सहितको जिम्मेवारी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यविवरण र ड्यूटी सिफ्ट निर्धारण गर्दा सेवालाई सहज हुनेगरी जनशक्तिको उपलब्धता अनुसार केन्द्रले अतिरिक्त सिफ्ट समय निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद ४

## सूचना, अभिलेखीकरण, गुनासो व्यवस्थापन

**१८. सूचना प्रणाली: (**१) केन्द्रबाट प्रदान गरिएका सेवा सम्वन्धी सम्पुर्ण तथ्याङ्कहरु नियमानुसार अभिलेख व्यवस्थापन गर्नुपर्नेछ ।

(२) केन्द्रले स्वास्थ्य सेवा सम्वन्धी सूचना र जानकारी शाखालाई उपलव्ध गराउनुपर्नेछ।

**(३)** केन्द्रवाट प्रदान भएका सेवा सुविधाहरुको अभिलेखीकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार हुनेछ।

(४) केन्द्रमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने दिनु पर्नेछ।

(५) केन्द्रले प्रदान गर्ने स्वास्थ्य सेवाका वारेमा समय समयमा केन्द्रले जनचेतनामूलक अभियान र जनस्वास्थ्य मेला संचालन गरी समुदायलाई जानकारी गराउनु पर्नेछ।

(६) केन्द्र वा स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्य सम्बन्धी व्यक्तिगत सूचना, कागजात तथा अभिलेखको गोपनियताको सुनिश्चितता गर्नु केन्द्र  तथा स्वास्थ्यकर्मीको जिम्मेवारी हुनेछ।

**१९. नागरिक बडापत्र:** केन्द्रबाट नागरिकले प्राप्त गर्ने सेवा, प्रक्रिया तथा अवधि तथा शुल्क लाग्ने रहेछ भने सो समेत खुलाएको अनुसूची-३ बमोजिमको नागरिक बडापत्र केन्द्र को अग्रभागमा देखिने गरी राख्नु पर्नेछ र सोही अनुरूप सेवाहरु सुनिश्चितता गर्नुपर्नेछ।

**२०. गुनासो व्यवस्थापन: (१)** केन्द्र ले सवैले देख्ने ठाँउमा सुझाव तथा उजुरी पेटीका राख्ने र प्रत्येक हप्ता नियमित रुपमा खोल्ने व्यवस्था मिलाउनुपर्नेछ।

(२) केन्द्र ले स्वास्थ्य सेवा सम्बन्धि गुनासो,उजुरी र सुझाव संकलन गर्न र त्यसको सम्बोधनको लागि कुनै एक कर्मचारीलाई तोक्न सक्नेछ।

## परिच्छेद-५

## विविध

**२१. सेवा शुल्क सम्बन्धी व्यबस्था:** केन्द्रबाट प्रदान गरिने सेवाको आवश्यक शुल्क समितिको सिफारिसमा नगरपालिकाले निर्धारण गरेबमोजिम हुनेछ। तर, नि:शुल्क भनि तोकिएका सेवाको शुल्क लिन पाइने छैन।

**२२. केन्द्रको संगठन संरचना**: केन्द्रको आफ्नै सङ्गठन संरचना हुनेछ। न्यूनतम सङ्गठन संरचना अनुसूची -४ बमोजिम हुनेछ।

**२३. केन्द्रको छाप:** केन्द्रको सम्पूर्ण काम कारबाहीको निमित्त एउटा छुट्टै छाप हुनेछ। छापको नमुना र आकार अनुसूची-५  मा उल्लेख भएबमोजिम हुनेछ।

**२४. साझेदारीमा सेवा प्रदान गर्न सक्ने:** नगरपालिकाले तोकेको न्यूनतम सेवा र संगठन संरचनाका अतिरिक्त सेवा प्रदान गर्नका लागि समितिले टीकापुर अस्पताल, अन्य गाउँ नगरपालिका लगायत सरकारी, गैरसरकारी तथा निजी संघ-संस्थासंग साझेदारी गर्न सक्नेछ।

**२५. वार्षिक प्रतिवेदन पेश गर्ने:** केन्द्रले बर्षभरिको काम कारवाहीको स्व:मुल्याङ्कन गरी सो को प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र नगरपालिका समक्ष पेश गर्नुपर्नेछ।

२६. **निर्देशन पालना गर्नुपर्ने:** कार्यपालिकाले दिएका निर्देशनहरुको पालना गर्नु केन्द्रको कर्तव्य हुनेछ ।

२७. **नगरपालिकालाई आर्थिक दायित्व सृजना गर्न नहुने: नगर**पालिकाको स्वीकृति विना समितिले नगरपालिकालाई थप आर्थिक भार पर्ने गरी दायित्व सिर्जना गर्ने छैन ।

२८. **अधिकार प्रत्यायोजन गर्न सक्ने:** समितिले आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२९. **व्याख्या गर्ने अधिकार:** यस कार्यविधिमा उल्लिखित कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयनमा वाधा आई परेमा कार्यपालिकाले सोको व्याख्या गर्नेछ ।

३०. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र यसमा उल्लेख नभएमा विषयहरू प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची -१
## शहरी स्वास्थ्य प्रवर्द्धन तथा सिकलसेल केन्द्र संचालन तथा व्यवस्थापन समितिको बैठक रजिष्टर नमुना
## (दफा ६ संग सम्बन्धित)

**वैठक नम्वरः**
**मितिः**
**वैठक सञ्चालन भएको स्थानः**

आज मिति ......................................मा यस टीकापुर नगरपालिका शहरी स्वास्थ्य प्रवर्द्धन तथा सिकलसेल केन्द्र को सञ्चालन तथा ब्यवस्थापन समितिका अध्यक्ष....................................................को अध्यक्षतामा निम्न लिखित महानुभावको उपस्थितिमा वसेको वैठकले विभिन्न प्रस्तावहरुमा छलफल गरी निम्नानुसारको निणर्य गऱ्यो;-

**उपस्थितिः**

| **क्र.सं.** | **नाम** | **पद** | **दस्तखत** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**वैठकमा छलफलका लागि प्रस्तावहरुः**

१. ................
२.

**वैठकका निणर्यहरुः**

(क) अघिल्लो वैठकका निणर्यको समीक्षाः
..........................
(ख) वैठकका मुख्य निणर्यहरुः
१. .........................
२. .............................
३. ...............................
(ग) निणर्य कार्यान्वयनको कार्य योजना

| क्र.सं. | समस्या | कार्यान्वयनका लागि गर्ने क्रियाकलाप | पूरा गर्ने समय सीम | जिम्मेवारी |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

## अनुसूची - २

## कर्मचारीको विवरण

## (दफा १६ उपदफा (२) संग सम्बन्धित)

(क) मेडिकल अफिसर - १ जना
(ख) व्यवस्थापक -१ जना
(ग) जनस्वास्थ्य अधिकृत -१ जना
(घ) एच.ए. -१ जना
(ङ) अहेब -१ जना
(च) स्टाफ नर्स- २ जना
(छ) अनमी – २ जना
(ज) ल्याव टेक्निसियन -१जना
(झ) ल्याव असिष्टेन्ट-१ जना
(ञ) रेडियोग्राफर- १ जना
(ट) फिजियोथेरापी सहायक- १ जना
(ठ) फार्मेसी सहायक-१ जना
(ड) आयुर्वेद सहायक -१
(ढ) कम्प्युटर सहायक- १
**(ण)** कार्यालय सहयोगी/सरसफाईकर्मी- २ जना

## अनुसूची -३

## शहरी स्वास्थ्य केन्द्र बाट प्रदान गरिने सेवाको

## नागरिक बडापत्रको ढाँचा


## (दफा १९ संग सम्बन्धित)

| सि.न. | इकाई | सेवाको विवरण | सम्पर्क व्यक्ति | प्रक्रिया | लाग्ने समय | लाग्ने शुल्क | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची -४

## शहरी स्वास्थ्य केन्द्र को संगठन संरचना

## (दफा २२ संग सम्बन्धित)



**अनुसूची -५**

**शहरी स्वास्थ्य प्रवर्द्धन तथा सिकलसेल केन्द्रको छाप**

**( दफा २३ संग सम्बन्धित )**

टीकापुर नगरपालिका

शहरी स्वास्थ्य प्रवर्द्धन तथा सिकलसेल केन्द्र

२०८२